वर्ष २ अंक ३
चैत्र २०६७, March 2011

# ICAN Newsletter
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



सदस्य महानुभावहरू,

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले यस वर्ष बिभिन्न नियमनकारी निकायहरूसंग सहकार्य गर्दै आफ्नो भूमिकालाई प्रभावकारी बनाउनको लागि र लेखापालन, लेखापरीक्षण र लेखाव्यवसायीहरूको दायित्वहरूको बारेमा समेत रहेका भ्रमहरूलाई हटाउने लक्ष्य राखे अनुरुप विभिन्न अन्तरक्रिया कार्यक्रमहरू तय भएको जानकारी गराउँन पाउँदा मलाई खुशी लागेको छ।

यही कार्यको शुरुवातको रूपमा हालै सहकारी विभागसंग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ भने त्यस कार्यक्रममा उठेका कुराहरूलाई सुझावको रूपमा पठाइएको छ। निकट भविष्यमा अन्य नियमनकारी निकाय जस्तैः नेपाल राष्ट्र बैंक, बीमा समिति, धितोपत्र बोर्ड आदिसंग पनि अन्तरक्रिया गर्ने लक्ष राखिएको छ। यस कार्यबाट एकातर्फ नियमनकारी निकायसंगको सम्वन्ध बढ्न जानेछ भने अर्को तर्फ संस्थाको भूमिमा पनि बढ्न जाने मैले विश्वास लिएको छु। अहिले हरेक कोणबाट लेखाव्यवसायीहरू माथि विभिन्न आरोपहरू आईरहेका समयमा यी कार्यहरूबाट लेखा र लेखाव्यवसायीको भूमिका प्रष्ट पार्न महत्वपुर्ण हुने मैले विश्वास लिएको छु।

हाल सम्म मेरो कार्यकालमा संस्थाले गरेका उपलब्धी तथा आगामी दिनको कार्ययोजना निम्न बमोजिम रहेका छन्।

### संस्थाको क्रियाकलाप सम्बन्धमा

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था स्थापना कालको १४औं वर्ष पुरागरी १५औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा आयोजित वार्षिकोत्सव कार्यक्रम तत्कालीन प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यूको प्रमुख आतिथ्यमा भव्यताका साथ सम्पन्न भयो।
- यथाशक्य आफ्नै भवनमा स्थान्तरण हुने लक्ष्य लिई संस्थाले भवन निर्माणको कार्य शुरुगरेको छ।
- संस्थामा कार्यरत कर्मचारीहरू संस्थाको मेरुदण्ड हुने भएकाले कर्मचारीहरूलाई सेवाको सुरक्षाको अनुभुति प्रदान गर्नुको साथै दक्षता अभिवृद्धिको लागि आवश्यक तालिम प्रदान गराईरहेको छ।

### शिक्षा तथा परीक्षातर्फ

- चार्टर्ड एकाउन्टेन्सी शिक्षालाई गुणस्तरीय बनाउनको लागि अध्ययन सामाग्रीको तयारीलाई प्राथमिकता दिई विभिन्न तहका विभिन्न अध्ययन सामाग्रीको तदारूकताकासाथ कार्य भैरहेको छ।
- संस्थाका बिभिन्न तहका पाठ्यक्रमहरूलाई नियमित रूपमा पुनरावलोकन गरी समय सापेक्ष बनाईने कार्य भैरहेको छ।

*पृष्ठ २ मा क्रमशः ......*

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १४औं वार्षिकोत्सव सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आफ्नो स्थापनाको १४औं वर्ष पुरा गरि १५औं वर्ष प्रवेशको अवसरमा २०६७ साल माघ १७ गतेका दिन तत्कालीन प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यूको प्रमुख आतिथ्यमा एक भव्य कार्यक्रमको आयोजना गरी बार्षिकोत्सव समारोह मनायो। उक्त समारोहमा सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यूले संस्थाको सफलताको शुभकामनाका साथै यस संस्थासंग आवद्ध रहेका लेखाव्यवसायी तथा कर्मचारीहरूलाई संस्थाको समुन्नतिको लागि हरदम प्रयत्नशील रहिरहन सुझाव समेत दिनुभएको थियो। साथै उहाँले लेखाव्यवसायीहरूलाई आफूले पालना गर्नुपर्ने आचार संहिताको अधिनमा रही



तत्कालीन प्रधानमन्त्री संस्थाको १४औं बार्षिकोत्सवको उद्‌घाटन गर्नु हुदै।

लेखाव्यवसाय संचालन गर्न र आर्थिक क्षेत्रको विकास र विस्तारमा सहयोग पुऱ्याउन निर्देशन दिनुभएको थियो। सोही अवसरमा कार्यवाहक महालेखा परीक्षक श्री खेमप्रसाद दाहालज्यूले आफ्नो शुभकामना मन्तव्य दिँदै लेखाव्यवसायको विकासका लागि संस्थाले खेलेको महत्वपूर्ण भूमिकाको सह्राना गर्दै संस्थाको समुन्नतीमा महालेखा परीक्षकको कार्यालयले सदाभैं सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

त्यसैगरी, अर्थसचिव श्री रामेश्वर खनालज्यूले पनि आफ्नो शुभकामना मन्तव्यमा संस्थाले छोटो अवधिमै प्राप्त गरेको सफलताको लागि संस्थाको प्रशंसा गर्नुका साथै संस्थासंग सम्बन्धित केही समस्याका सम्बन्धमा प्रकाश पार्दै ती समस्याहरूलाई संस्थाले छिटो भन्दा छिटो समाधान गर्ने कुरामा विश्वास समेत व्यक्त गर्नुभएको थियो।




तत्कालीन प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यूको साथमा संस्थाका विभिन्न तहका उत्कृष्ट विद्यार्थीहरू (पछिल्लो लहरमा)

- केरीयर काउन्सलिङ्गको माध्यमबाट चार्टर्ड एकाउन्टेन्सी शिक्षामा रूची राख्ने सरोकारवालाहरूलाई तदारूकताका साथ चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्व बुझाउँदै लैजान काठमाडौं उपत्यका लगायत देशका विभिन्न स्थानमा केरीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गरिएको छ ।
- परीक्षा प्रणालीलाई निरन्तर अनुगमन गरी त्यसलाई समयानुकुल सुधार गर्ने प्रयास भैरहेको छ ।

## सदस्य सेवा तथा व्यवसायिक विकास तर्फ

- सदस्यहरूको दक्षतालाई अभिबृद्वी गर्दै लैजाने सोच अनुसार परिमार्जित विषय सहित देशको बिभिन्न स्थानमा सी. पी. ई कार्यक्रम संचालन भईरहेको छ ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा महत्वपूर्ण विषयहरू संशोधन गरिएको छ ।
- चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको लागि एक व्यक्ति एक पेशा २०६७/९/२ देखि लागु भैसकेको छ भने रजिष्टर्ड अडिटर सदस्यहरूको लागि यो नियम २०७०/४/१ देखि लागु हुने भएको छ ।
- यस संस्थाद्वारा जारी गरिएको Statement on Peer Review को आधारमा लेखाव्यवसायी फर्महरूले आ आफ्नो फर्मको Peer Review गराउनु पर्ने व्यवस्था लागु गर्ने कार्यक्रम अन्तिम चरणमा रहेको छ ।
- भारतको The Institute of Chartered Accountants of India (ICAI) को प्राविधिक सहयोगमा यसै वर्ष पहिलो पटक संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उतीर्ण गर्ने सिए. सदस्यहरूलाई समेत अप्रिलमा ISA Course र जुन महिनामा IFRS Certification Course संचालन गरिने भएको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्धतर्फ

- लेखा तथा लेखापरीक्षणसंग सम्वन्धित SAFA, CAPA, तथा IFAC, जस्ता अन्तराष्ट्रिय संगठनहरू संग सम्वन्ध अझ प्रगाढ र सुमधुर बनाउँदै लगिनेछ ।
- संस्था स्थापनाकाल देखि नै संस्थाको विकास र विस्तारमा सहयोग गर्दै आएको The Institute of Chartered Accountants of India (ICAI) संगको सम्बन्धलाई अझ सुमधुर बनाउन विशेष प्रयास गरिएको छ । जसको फलस्वरूप अप्रिलमा ISA Course र जुनमा IFRS Certification Course संचालन हुने भएको छ जसबाट संस्था र ICAI को सम्बन्धमा अझ सुधार हुने मैले विश्वास लिएको छ ।

## भविष्यका कार्यक्रमहरू

- सदस्यहरूको लागि काठमाडौं उपत्यका बाहिर केही स्थानमा क्षमता अभिबृद्वी सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने लक्ष्य लिईएको छ ।
- आवश्यकतानुसार कर्मचारीहरूलाई तालिमको अवसर प्रदान गरिनेछ ।
- नियमनकारी निकायसंगको सहकार्यलाई प्राथमिकता दिई उनिहरूसंग संयुक्त रूपमा केही कार्यक्रम संचालन गरिनेछ ।
- सरकार तथा विभिन्न सरकारी निकायसंग लेखा तथा लेखाव्यवसाय, अर्थ, राजश्व जस्ता क्षेत्रहरूमा आफ्नो राय सुझावको लागि पहल गरिने छ ।

अन्तमा, मेरो यी कार्यहरूलाई सफल बनाउन अनवरत सहयोग गर्ने पार्षद मित्रहरू, पुर्व अध्यक्षज्युहरू, विभिन्न समितिका सदस्यहरू लगायत सम्पुर्ण कर्मचारीहरू तथा सबैमा धन्यवाद दिंदै आगामी कार्यमा पनि यस्तै सहयोगको अपेच्छा गर्दछु ।

धन्यवाद !

सिए. सुनिर कुमार ढुंगेल
अध्यक्ष

## Notice on IFRS Certification Course

**The Institute of Chartered Accountants of Nepal (ICAN) is conducting an IFRS Certification Course with Technical Assistance of The Institute of Chartered Accountants of India (ICAI). This course has been designed to provide in-depth knowledge with practical application on IFRS/IAS and will start from 3 June 2011. The Nepal Accounting Standards is converging with the International Financial Reporting Standards in a phased manner starting from mid July 2012.**

**Apart from the comprehensive theoretical aspects, this course will sharpen the expertise and excellence of the participants through multiple case studies across the industry and service sector. Experts having depth knowledge in IAS/IFRS from India on the subjects of their expertise will conduct the course.**

**This course is introduced especially for professional accountants, high-level officials and staff of Public and Private Sector Business Organizations Multinational Agencies, Non-government organizations that are responsible for the preparation of financial statements.**

**ICAN request to corporate sector and members to register their name to equip themselves in latest revolution in financial reporting.**

**The fee for the course is :**

| | | |
|---|---|---|
| **Corporate Participants and Non Members** | **NRs** | **55,000/- Net** |

**Individual ICAN Member :**

| | | |
|---|---|---|
| **Chartered Accountants (CA)** | **NRs** | **45,000/- Net** |
| **Registered Auditors (RA)** | **NRs** | **35,000/- Net** |

**Venue : Hotel Everest, New Baneshwor, Kathmandu**

**Time: 9:30 AM onwards**

**Date: June 3 & 4, 10 & 11 and 17,18 & 19, 2011 (Corresponding to Jestha 20 & 21, 27& 28 and Ashar 3, 4 & 5, 2068)**

**The details of IFRS Certification Course Brochure and Registration Form can be downloaded from the Institute's website www.ican.org.np or for further information please contact Member Service and Professional Development Department of ICAN.**

सोही अवसरमा संस्थाका अध्यक्ष सिए. सुनिरकुमार ढुंगेलले स्वागत मन्तव्य व्यक्त गर्दै संस्थाको विविध गतिविधिको बारेमा जानकारी गराउनु भएको थियो।

उक्त समारोहमा तत्कालीन प्रधानमन्त्रीज्यूबाट संस्थामा विशिष्ट योगदान पुऱ्याउने कर्मचारीहरू श्री महेश चित्रकार तथा श्रीमती सीता अधिकारीलाई वार्षिक मूल्याङ्कनको आधारमा उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कृत गरिएको थियो भने संस्थाबाट लिईएको विभिन्न तहका वार्षिक परीक्षामा उत्कृष्ट अंक ल्याई उतीर्ण हुने विद्यार्थीहरूलाई समेत पदक तथा प्रमाणपत्र प्रदान गरिएको थियो। सोही समारोहमा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा संस्थाको प्राङ्गणमा आयोजित विभिन्न खेलकुद कार्यक्रमका विजयीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

अन्तमा, संस्थाका उपाध्यक्ष सिए. सुदर्शनराज पाण्डेले उक्त कार्यक्रममा प्रमुख अतिथि लगायत सबैमा धन्यवाद व्यक्त गर्नु भएको थियो।

# सदस्यसम्बन्धी समाचार

## सदस्यता परीक्षाको नतीजा प्रकाशन

विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा सदस्यता प्राप्तिको लागि आवेदन दिने आवेदकहरू मध्ये तपसील बमाजिमका आवेदकहरूले संस्थाबाट नोभेम्बर १५, २०१० देखि नोभेम्बर १७, २०१० सम्म लिईएको परीक्षामा देहायका आवेदकहरू संस्थाको सदस्यताको लागि योग्य भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

| आवेदक संख्या | परीक्षामा सम्मिलित संख्या | सदस्यताको लागि योग्य |
|---|---|---|
| ३३ | ३२ | ९ |

## सदस्यता नवीकरण सम्बन्धी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम श्रावण १, २०६७ देखि चैत्र १७, २०६७ सम्म सदस्यता, पेशागत तथा लेखाव्यवसायी संस्था नवीकरण गर्नुहुने सदस्यहरूको विवरण देहाय बमोजिम रहेको छ।

| विवरण | सदस्यता | | पेशागत प्र.प | | लेखा व्यवसायी फर्म | |
|---|---|---|---|---|---|---|
| | कूल सदस्य | नवीकृत सदस्य | कूल पेशागत प्रमाणपत्र | नवीकृत पेशागत प्रमाणपत्र | कूल लेखा व्यवसायी फर्म | नवीकृत लेखा व्यवसायी फर्म |
| एफ.सि.ए | २१४ | १६६ | १८६ | १३२ | ४०२ | २५६ |
| सि.ए | ३२१ | २५६ | ३११ | १९९ | | |
| जम्मा | ५३५ | ४२२ | ४९७ | ३३१ | ४०२ | २५६ |
| आर.ए ख | ३३६४ | २२८१ | ३१०९ | १७५६ | ८६९ | ६६४ |
| आर.ए ग | १५७६ | ९९५ | १४३६ | ८४१ | ३०१ | २०४ |
| आर.ए घ | २३४३ | १५२३ | २१४४ | १३८० | १९३ | १४७ |
| जम्मा | ७२८३ | ४७९९ | ६६८९ | ३९७७ | १३६३ | १०१५ |
| कूलजम्मा | ७८१८ | ५२२१ | ७१८६ | ४३०८ | १७६५ | १२७१ |

## एक व्यक्ति एक पेशा लागु

नेपाल सरकार,(माननीय मन्त्रीस्तर)को मिति २०६७/९/२० गतेको निर्णयानुसार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ को संशोधित नियमावलीको नियम ४९ बमोजिम सेवारत चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको हकमा एक व्यक्ति एक पेशा, २०६७/९/२० गते देखि लागु भई पेशागत प्रमाणपत्र समेत सोही मितिदेखि लागु हुने गरी स्थगन गरिसकिएको छ भने रजिष्टर्ड अडिटर सदस्यहरूको हकमा यो नियम २०७०/४/१ बाट लागु हुनेछ।

## सी.पी.ई कार्यक्रम सम्बन्धी

आर्थिक वर्ष २०६८/६९ का लागि २०६७ मंसीर १० गतेदेखि संचालनमा आएको सी.पी.ई कार्यक्रम हालसम्म काठमाडौं, महेन्द्रनगर, भैरहवा, धनगढी, पोखरा, विराटनगर, दाङ राजविराज, धरान, बुटवल, नेपालगञ्ज, बिरगञ्ज, चितवन, हेटौडा तथा बाग्लुङ्गमा सफलताका साथ सम्पन्न भईसकेको छ। उक्त कार्यक्रमका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लगायत संस्थासंगको सम्फौता बमोजिम AUDAN, INCA तथा CAI ले संस्थागत रूपमा योगदान पुऱ्याईरहेका छन्। साथै मिति २०६७/१०/१७ मा सम्पन्न IFRS Issues and Challenges विषयको सेमिनारमा सहभागिता जनाउने यस संस्थाका सदस्थहरूलाई ८ घण्टाको सी.पी.ई क्रेडिट आवर समेत प्रदान गरिएको थियो। साथै मिति २०६७/१०/२८ गते विराटनगरमा सम्पन्न Seminar on Income Tax and E-filing System मा सहभागि सदस्यहरूलाई ६ घण्टाको सी.पी.ई क्रेडिट आवर प्रदान गरिएको थियो।

हालसम्म प्रकाशित तालिका बमोजिम निम्न मिति र स्थानमा संचालित सी.पी.ई तालिममा सहभागिता जनाउने सदस्यहरूको संख्या यसप्रकार छ।

| क्र.स | मिति | स्थान | सहभागि संख्या | निकाय |
|---|---|---|---|---|
| १ | २०६७/०८/१०, ११ र १२ | महेन्द्रनगर | ७५ | AUDAN |
| २ | २०६७/०८/१०, ११ र १२ | काठमाडौं | ५० | ICAN |
| ३ | २०६७/०८/१७, १८ र १९ | भैरहवा | १४९ | AUDAN |
| ४ | २०६७/०८/२४, २५ र २६ | काठमाडौं (SAFA summit) | १५० | ICAN |
| ५ | २०६७/०८/२४, २५ र २६ | धनगढी | ११४ | AUDAN |
| ६ | २०६७/०९/०२, ०३ र ०४ | पोखरा | १३२ | AUDAN |
| ७ | २०६७/०९/०२, ०३ र ०४ | विराटनगर | ९२ | ICAN |
| ८ | २०६७/०९/०९, १० र ११ | राजविराज | ५१ | INCA |
| ९ | २०६७/०९/०९, १० र ११ | दाङ | ७७ | CAI |
| १० | २०६७/१०/०७, ०८ र ०९ | धरान | ६९ | AUDAN |
| ११ | २०६७/१०/०७, ०८ र ०९ | बुटवल | १५४ | ICAN |
| १२ | २०६७/१०/१७ | काठमाडौं (Seminar on IFRS) | ५८ | ICAN |
| १३ | २०६७/१०/२१, २२ र २३ | नेपालगञ्ज | १६० | AUDAN |
| १४ | २०६७/१०/२१, २२ र २३ | विरगञ्ज | ९३ | ICAN |
| १५ | २०६७/१०/२८,२९ र ११/१ | नरायणगढ | ११० | ICAN |
| १६ | २०६७/१०/२८,२९ र ११र१ | बागलुङ्ग | ५९ | AUDAN |
| १७ | २०६७/११/१३, १४ र १५ | हेटौडा | ६६ | INCA |
| १८ | २०६७/११/१३, १४ र १५ | काठमाडौं | ६९ | AUDAN |
| १९ | २०६७/११/२०, २१ र २२ | ईलाम | ४३ | AUDAN |
| २० | २०६७/११/२०, २१ र २२ | काठमाडौं | ६१ | ICAN |
| २१ | २०६७/१०/२८ | विराटनगर (Seminar on Income Tax ) | ९५ | ICAN |

## अन्तराष्ट्रिय सम्बन्धन (International Affiliation)

हालसम्म तपसील बमोजिमका नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई लेखाव्यवसाय संचालन गर्ने लेखाव्यवसायी फर्महरूको संग्लनता निम्न बमोजिमका अन्तराष्ट्रिय फर्महरूसंग रहेको छ।

| क्र.सं | नेपाली फर्मको नाम | विदेशी फर्मको नाम |
|---|---|---|
| १ | Suvod Associates | The international Accounting Group (TIAG) |
| २ | Joshi and Bhandary | Ernst & Young International Limited |
| ३ | B. R. S Neupane & Co. | Deloitte Touche Tohmatsu, A Swill Verien (DTT) |
| ४ | K.B. Chitrakar & Co. | Alliott Group |
| ५ | Banskota & Co. | Baker Tilly International |
| ६ | G. P. Rajbahak & Co. | B. K. R. International |
| ७ | P. L Shrestha & Co. | HLB International |

# विद्यार्थीसम्बन्धी समाचार

## केरीयर काउन्सलिङ्ग ( Career Counseling )

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्वबारे ईच्छुक विद्यार्थीहरूलाई जानकारी प्रदान गर्ने उद्देश्यले काठमाडौंका विभिन्न कलेजमा विभिन्न मितिमा आयोजित केरीयर काउन्सलिङ्ग कार्यक्रममा चार्टर्ड एकाउन्टेन्सी कोर्ष पश्चात् प्राप्त गर्न सकिने संभावित पदस्थापन समेतको जानकारी प्रदान गराईएको थियो । उक्त कार्यक्रममा सहभागीहरूले चार्टर्ड एकाउन्टेन्सी शिक्षामा गहिरो रुचि देखाएका थिए । शिक्षा विभागले सोही अनुरुप हालसम्म ६ सेसनमा ४ वटा कलेजमा कार्यक्रम संचालन गरिसकेको छ भने हरेक हप्ता एक नयां कलेजमा केरीयर काउन्सलिङ्ग गर्ने लक्ष्य लिएको छ । सो कार्यक्रलाई नियमित गर्ने उद्देश्यले फागुन ६, २०६७ मा संस्थाको प्रागणमा निःशुल्क सेमिनारको आयोजना समेत गरेको थियो । शिक्षा विभागले निकट भविष्यमा काठमाडौं उपत्यका तथा काठमाडौं उपत्यका बाहिर उक्त कार्यक्रमहरू संचालन गर्ने लक्ष्य लिएको छ ।

## सि.ए. डिसेम्वर २०१० वार्षिक परीक्षाको नतीजा प्रकाशित

ICAN बाट २०१० डिसेम्बरमा संचालित विभिन्न तहको वार्षिक परीक्षाको नतीजा प्रकाशित गरिएको छ । परीक्षामा सहभागी भई सफलता प्राप्त गर्न सफल विद्यार्थीको तहगत रूपमा संख्या देहाय बमोजिम रहेका छन् ।

२०१० डिसेम्बरको परीक्षाको लागि निवेदन दिने तहगत रूपमा बिद्यार्थीको संख्या

| क्.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १ | फाउन्डेसन | ६ | १० | १३ | २९ |
| २ | ईन्टरमिडियट | १४ | २५ | १३ | ५२ |
| ३ | फाईनल | २४ | १५ | १७ | ५६ |
| ४ | CAP I | ४७१ | ६९ | ६६ | ६०६ |
| ५ | CAP II | ४१४ | ११४ | १०६ | ६३४ |
| ६ | CAP III | २७ | ८ | १३ | ४८ |

२०१० डिसेम्बरको परीक्षामा सहभागी भएका तहगत रूपमा बिद्यार्थीको संख्या

| क्.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १ | फाउन्डेसन | ३ | १० | १० | २३ |
| २ | ईन्टरमिडियट | १३ | २४ | १३ | ५० |
| ३ | फाईनल | २३ | १४ | १४ | ५१ |
| ४ | CAP I | ४४८ | ६४ | ५९ | ५७१ |
| ५ | CAP II | ४०६ | ९९ | ९९ | ६०४ |
| ६ | CAP III | २७ | ८ | १२ | ४७ |

२०१० डिसेम्बर महिनामा संचालित परीक्षामा सफल भएका तहगत रूपमा बिद्यार्थीको संख्या

| क.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १ | फाउन्डेसन | १ | २ | १ | ४ |
| २ | ईन्टरमिडियट | ० | ५ | १ | ६ |
| ३ | फाईनल | १ | ० | ६ | ७ |
| ४ | CAP I | १३१ | ४५ | ५१ | २२७ |
| ५ | CAP II | ३२ | १२ | ४४ | ८८ |
| ६ | CAP III | १ | ० | ७ | ८ |

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको भवन सम्बन्धमा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आफ्नो भवन निमार्णको काम शुरू गरेको छ । १५ महिना भित्र आफ्नै भवनमा सर्ने लक्ष्य लिई कार्य प्रारम्भ गरेको संस्थाले निमार्ण कार्यको लागि मिति २०६७/१०/२८ तदनुसार (11 February, 2010)का दिन Tundi–Parera-Prathista JV ठेकेदार कम्पनीसंग १५ महिनाभित्र पहिलो चरणको कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । साथै उक्त ठेकेदार कम्पनीले अरू थप तीन महिनाभित्र दोस्रो चरणको कार्य समेत सम्पन्न गर्नेछ । कुल लागत करीब चौध करोड चार लाखको लागतमा निर्माण हुन लागेको भवनको लागि संस्थाका सदस्यहरूबाट संस्थाले सहयोग प्राप्त गरिरहेको छ भने अझ यसमा सहयोग गर्दै यस पवित्र कार्यमा सहभागी हुन सबै सदस्यहरूमा आव्हान समेत गरेको छ ।

## सहकारीको लेखापरीक्षणबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न

यही २०६७ फागुण २५ गते बुधवार संस्थाको आयोजनामा सहकारी विभागले तयार पारेको विभिन्न मापदण्ड अन्तर्गत सहकारी संस्थाहरूको लेखापरीक्षण गर्ने क्रममा लेखापरीक्षकहरूले पालना गर्नुपर्ने मापदण्डहरू सम्बन्धी अन्तरक्रिया कार्यक्रम सस्थाको बैठक कक्ष बवरमहलमा सम्पन्न भयो । उक्त कार्यक्रममा संस्थाका बर्तमान अध्यक्ष सिए. सुनिरकुमार ढुंगेलज्यूले सुभारम्भ मन्तब्य व्यक्त गर्ने क्रममा कार्यक्रमको उद्देश्यबारेमा प्रकाश पार्नु भएको थियो । हाल तयार पारिएको मापदण्डहरू मध्ये सहकारी सस्थाहरुको लेखापरीक्षण गर्ने क्रममा लेखापरीक्षकहरूले पालना गर्नुपर्ने मापदण्डहरूको बारेमा सहकारी विभागका रजिष्ट्रार श्री सुदर्शनप्रसाद ढकालज्यूले विस्तृत विवरण प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा संस्थाका पार्षदहरू, व्यवसायिक मार्गदर्शन समितिका सदस्यहरू तथा लेखामान तथा लेखापरीक्षणमान बोर्ड, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ तथा अडिटर्स एसोसिएसनका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

उक्त अन्तक्रिया कार्यक्रममा उठेका लेखापरीक्षण सम्बन्धी विविध विषय तथा सुझावहरू समावेश गर्न सहकारी विभागमा पठाउने काम सम्पन्न भएको छ ।

## अन्तरक्रिया कार्यक्रम तथा आयकर ऐन सम्वन्धी सेमिनार सम्पन्न

यही मिति २०६७ माघ २७ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष सिए. सुनिरकुमार ढुंगेल तथा उपाध्यक्ष सिए. सुदर्शनराज पाण्डेको उपस्थितिमा संस्थाको गतिविधिको सम्वन्धमा बिराटनगरमा सदस्यहरूसंग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा सहभागि सदस्यहरूले खुलेर संस्थाको क्रियाकलाप सम्वन्धमा अन्तरक्रिया गरेका थिए।

त्यस्तै, सदस्यहरूसंगको अन्तरक्रिया पछि मोरङ्ग उद्योग संघ, मोरङ्ग व्यपार संघ, विश्वबिद्यालयका प्रतिनिधि, आन्तरिक राजस्व कार्यलयका प्रतिनिधि, तथा विराटनगर स्थित बिभिन्न व्यापारिक प्रतिष्ठानमा कार्यरत चार्टर्ड एकाउन्टेन्ट्स सदस्यहरूको उपस्थितिमा अर्को अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा संस्थाको गतिविधिको साथै उद्योगव्यवसायी र लेखाव्यवसायीको सम्बन्धको बारेमा छलफल हुनुको साथै विश्वबिद्यालयको पाठ्यक्रममा लेखामान तथा लेखापरीक्षणमान समावेश गर्ने वारेमा समेत छलफल भएको थियो।

त्यसैगरी, मिति २०६७ माघ २८ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था बिराटनगर शाखा तथा मोरङ्ग व्यपार संघ को संयुक्त आयोजनामा आयकर ऐन सम्वन्धी एक दिनको सेमिनार सम्पन्न भयो। बिभिन्न क्षेत्रका ९५ सहभागीहरूको सहभागिता रहेको उक्त सेमिनारमा संस्थाका उपाध्यक्ष सिए. सुदर्शनराज पाण्डे तथा आन्तरिक राजस्व कार्यलयका प्रमुख श्री राजन बि.सी ले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमका सहभागिहरूले उक्त सेमिनार निकै महत्वपूर्ण र फलदायी भएको बताएका थिए। संस्थाका अध्यक्ष सिए. सुनिरकुमार ढुंगेल तथा मोरङ्ग व्यापार संघको अध्यक्ष श्री महेश जाजूको समेत उपस्थिति रहेको थियो।

# अन्तराष्ट्रिय समाचार

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष सिए. सुनिरकुमार ढुंगेलको नेतृत्वमा सात सदस्यीय प्रतिनिधि मण्डलले ICAI को आयोजनामा जनवरी ४ देखि ६, २०११ सम्म भारतको नयाँ दिल्लीमा भएको Accountancy Profession: Catalyst to Sustained Economic Growth सम्वन्धी कन्फरेन्स्मा भाग लियो। विश्वको बदलिंदो परिस्थिति र अन्तराष्ट्रिय बिकासका संबाहक तथा परिवर्तन, संगठनात्मक सामाजिक उत्तरदायित्व तथा सरोकारवालाको मूल्य स्थापित गरी समसामयिक लेखाव्यवसायको बिकासका विषयमा छलफल भएको थियो।

उक्त कार्यक्रममा विश्वका विभिन्न देशका गरी करीव १२०० जनाले सहभागिता जनाएका थिए।

उक्त सेमिनारको एक सत्रमा keynote speaker को रूपमा साफाका निवर्तमान अध्यक्ष सिए. कोमल बहादुर चित्रकारले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने संस्थाका अध्यक्ष सिए. सुनिरकुमार ढुंगेलले नेपाल सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यक्रममा संस्थाको तर्फबाट उपाध्यक्ष सिए. सुदर्शनराज पाण्डे, कार्यकारी निर्देशक सिए. विनयप्रकाश श्रेष्ठ, प्राबिधिक निर्देशक सिए. परमानन्द अधिकारी, सह निर्देशक श्री विनोदप्रसाद न्यौपाने, तथा सदस्य सिए. अच्युतराज जोशी को उक्त कार्यक्रममा सहभागिता रहेको थियो।

## ७२ औं साफा एसेम्ब्ली मिटिङ्ग सम्पन्न



साफाको ७२ औं एसेम्ब्ली मिटिङ्गका सहभागीहरूको सामूहिक फोटो।

संस्थाका उपाध्यक्ष सिए. सुदर्शनराज पाण्डेको नेतृत्वमा ४ सदस्यीय टोलीले भारतको चेन्नाईमा जेनवरी ९, २०११ मा सम्पन्न भएको साफाको ७२औं एसेम्ब्ली मिटिङ्गमा सहभागिता जनायो। उक्त मिटिङ्गमा साफाका अध्यक्ष, सिए. कोमलबहादुर चित्रकार, साफाका बोर्ड सदस्य, सिए. सुवोधकुमार कर्ण तथा साफाका कार्यकारी सचिव सिए. परमानन्द अधिकारीले भाग लिनु भएको थियो। नेपालले सभापतित्व गरेको उक्त कार्यक्रममा आगामी बर्षको लागि सभापति ICWA भारतका ए.आर. रमन निर्वाचित हुनु भएको थियो।

# कर्मचारीसम्बन्धी समाचार

## तालिम सम्बन्धमा

संस्थाका कर्मचारीको कार्यदक्षता बृद्धिगरी कार्यसंचालनमा तदारूपता ल्याउन तथा आपसी समझदारीको वातावरणको सिर्जना गरी नेतृत्व विकास गर्न दुई दिने नेतृत्व विकास सम्बन्धी तालिमको आयोजना गरिएको थियो। स्रोत व्यक्तिको रूपमा सिए. एल.पि भानु शर्मा तथा श्री नवीनकुमार झा रहनु भएका उक्त कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक लगायत ३६ जना कर्मचारीहरूको सहभागिता रहेको थियो। तालिमको विषय Leadership Through Excellence रहेको थियो।

## राजिनामा सम्बन्धमा

साथै यस संस्थामा विगत पांच वर्षदेखि कार्यरत श्री सत्येन्द्र शर्मा सत्यंले आफ्नो पदबाट राजिनामा गर्नुभएको छ। उहाँले २०१० डिसेम्बर महिनामा संचालित मध्यम तहको चार्टर्ड एकाउन्टेन्सी दुवै समूहको परीक्षा उर्त्तीण गर्नु भएको थियो। उहाँलाई हार्दिकबधाई !

**व्यावसायिक आचरणका आधारभूत सिद्धान्तहरु**

- स्वतन्त्रता
- गोपनीयता
- व्यावसायिक व्यवहार
- वस्तुनिष्ठता
- व्यावसायिक क्षमता र उचित सतर्कता
- प्राविधिक मानहरु
- कर्तव्यनिष्ठता

# अन्य समाचार

## रक्तदान कार्यक्रम



रक्तदान कार्यक्रममा संस्थाका कर्मचारी तथा विद्यार्थीहरू रक्तदान गर्दै ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स विद्यार्थी संगठनको संयुक्त आयोजना तथा नेपाल रेडक्रस सोसाईटी, केन्द्रीय रक्त सञ्चार सेवा काठमाडौंको सहयोगमा मिति २०६७/१०/५ मा संस्थाको प्राङ्गणमा रक्तदान कार्यक्रमको आयोजना गरियो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष सिए. सुनिरकुमार ढुंगेलको सुभारम्भ मन्तव्यबाट सुरू भएको उक्त कार्यक्रममा संस्थाका सदस्य, कर्मचारी तथा विद्यार्थीहरू गरी जम्मा १२० जनाले रक्तादान गर्नुभएको थियो ।

## सदस्यहरूलाई सूचना

लेखाव्यवसायलाई मर्यादित बनाउने उद्देश्यले सेवारत चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको लागि २०६७ पौष २० गते देखि लागुहुने गरी एक व्यक्ति एक पेशाको नियम लागु भएको छ भने सोही अनुसारको नियम रजिष्टर्ड अडिटर सदस्यहरूको हकमा २०७० श्रावण १ गतेबाट लागु हुने भएको छ । संसोधित नियमावलीको नियम ४९ बमोजिम सेवारत सदस्यहरूले पेशागत प्रमाणपत्र पाउने छैनन् भने पाईसकेका सदस्यहरूको हकमा माथि उल्लेखित मिति देखि स्वत स्थगन हुनेछ । जसअनुरूप सेवारत चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको पेशागत प्रमाणपत्र स्थगित गरिसकिएको छ । सदस्यहरूले लेखापरीक्षण गर्न पाउने संख्या तथा सीमा बिभिन्न सूचना मार्फत जानकारी गराइ सकिएकोछ सो अनुरूप लेखापरीक्षण गर्न पाउने संख्या १०० भन्दा बढी हुन नहुने जानकारी गराईएकोमा सोही अनुरूपको जानकारी प्रदान गर्नाका लागि सदस्यहरूले नवीकरण समयमा अनिवार्य रूपमा आफूले लेखापरीक्षण गरेको पब्लिक तथा प्राईभेट कम्पनीहरू तथा अन्य संघसंस्थाहरूको संख्या उल्लेख गरी संस्थामा जानकारी उपलब्ध गराउनुपर्नेछ ।

## वर्गबृद्धि सम्वन्धी सूचना

हाले संसोधन भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा भएको संसोधनले नियम ५४ (घ) मा देहाय बमोजिम व्यवस्था गरेको छ । "२०६७ साल आषाढ मसान्तसम्म बाणिज्य विषयमा स्नातक तह उत्तीर्ण गरिसकेका "घ" बर्गका पेशागत प्रमाणपत्र प्राप्त दर्तावाला लेखापरीक्षकहरूलाई समयावधी तोकी निवेदन आव्हवान गरी एक पटकको लागि मात्र "ग" वर्गको पेशागत प्रमाण पत्रको वर्गमा बृद्धि गर्न सक्नेछ" उक्त व्यवस्थालाई कार्यान्वयन गर्न परिषदको १४६ औं वैठकले योग्य सदस्यहरूबाट यही २०६८ पौष मसान्त भित्र दरखास्त दिन सूचित गर्ने निर्णय भए अनुसार वर्गवृद्धिको लागि उल्लेखित योग्यता पुगेका "घ" बर्गका पेशागत प्रमाणपत्र प्राप्त दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई २०६८ पौष मसान्त भित्र दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ ।

तोकिएको समयभन्दा पछि प्राप्तहुने निवेदनमा कुनै कारवाही नहुने भएकोले सो मिति भित्र उल्लेखित योग्यता खुल्ने शैक्षिक प्रमाणपत्र सहित निवेदन दिनुहुन समेत जानकारी गराईन्छ । दरखास्त फारम संस्थाबाट वा संस्थाको वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ । फारम शुल्क रू १०० (अक्षरूपी एक सय मात्र) हुनेछ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
**The Institute of Chartered Accountants of Nepal**
(Established under the Nepal Chartered Accountants Act, 1997)

प्रापकको नाम र ठेगाना:

टिकट


प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)


बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९ फोन: ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्स: २५८५६८, इमेल: ican@ntc.net.np, वेबसाइट : www.ican.org.np
शाखाहरु: विराटनगर, बुटवल, वीरगञ्ज